स्थानः बैठक कक्ष

आज मिति २०८२/०५/२६ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८२/८३ कार्यपालिका बैठक संख्याः ०२ (दोश्रो)

| \क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

मितिः २०८२/०५/२६

आर्थिक वर्ष २०८२/८३ बैठक सङ्ख्या २

निर्णयहरू

२.१सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बाँगी र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री वितरण सम्बन्धमा देहाय बमोजिम हुने गरी आ.व. २०८२/८३ को लागि ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

२.१.१ सन्धिखर्क नगरपालिकाको बाँगी खोला, सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाबाट आ.व.२०८२/८३ मा नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री लागि तयार भएको कार्ययोजना स्वीकृत गर्ने, सन्धिखर्क नगरपालिकाबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा नदीजन्य पदार्थ बिक्रीका लागि ठेक्का व्यवस्थापन गर्न जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन हुन लेखी पठाउने र जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन प्रतिवेदन लिइ सन्धिखर्क नगरपालिकाको वडा नं १ र २ जोड्ने बाँगीघोचे संगम क्षेत्रमा पूर्वाधार विकास कार्यालयले मोटरेवल पुल निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकेकोले उल्लिखित स्थानमा रहेको परिमाण घटाइ बाँकी रहने क्षेत्र विन्दुबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा प्रदेश कानुनले तोकेको दरमा न्यूनतम अङ्क कायम गरी नदीजन्य पदार्थ उत्खनन् सङकलन तथा बिक्री वितरणका लागि ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

२.१.२ जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि छत्रदेव गाउँपालिकासँग समन्वयात्मक बैठक बसी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेका क्षेत्रविन्दुबाट नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि जिल्ला अनुगमन समितिबाट अनुगमन प्रतिवेदन लिइ प्राप्त अनुगमन प्रतिवेदन बमोजिम प्रदेश कानुनले तोकेको दरमा न्यूनतम् अङ्क कायम गरी नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री वितरणको प्रक्रिया अगाडी बढाउने ।ठेक्का व्यवस्थापन गर्नु अघि दुवै पालिकाले समन्वयात्मक बैठक बसी सोही बैठकको निर्णय बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउने ।

२.१.३ सन्धिखर्क नगरपालिकाको बाँगी खोला र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाबाट आ.व.२०८२/८३ मा नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री लागि तयार भएको तपसिलमा उल्लिखित कार्ययोजना स्वीकृत गर्ने,



CamScanner

## बाँगी र जरे खोलाका विभिन्न बगरघाट क्षेत्रबाट आ.व २०८२/८३ को नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्ययोजना

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०५/२६

बाँगी खोलाबाट उत्खनन् हुने परिमाण घनमीटरमाः ७१५२.४ (सात हजार एकसय बाउन्न दशमलव चार घनमीटर मात्र)

जरेखोलाबाट उत्खनन् हुने परिमाण घनफीटमाः ५८४५.६( पाँच हजार आठसय पैचालिस दशमलव छ घनमीटर मात्र)

| सि.न | विवरण | श्रावण | भाद्र | असौज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | स्थलगत रुपमा खोलाको निरीक्षण, अनुगमन अवैध चोरी निकासी नियन्त्रण । ठेक्का व्यवस्थापनको तयारी । | | | | | | | | | | | | | |
| २. | सूचना प्रकाशन | | | | | | | | | | | | | |
| ३. | ठेक्का व्यवस्थापन | | | | | | | | | | | | | |
| ४. | कार्य आदेश | | | | | | | | | | | | | |
| ५. | उत्खनन् तथा संकलन | | | | | | | | | | | | | |
| ६. | अनुगमन | | | | | | | | | | | | | |
| ७. | आषाढ देखि भाद्र मसान्त सम्म उत्खनन् तथा संकलन कार्यबन्द । | | | | | | | | | | | | | |

नोटः तोकिएको परिमाणमा तोकिएको समयावधि अगावै उन्खनन् तथा संकलन भएको पाईएमा सोही समयमा नै उत्खनन् तथा संकलन कार्य बन्द गरिने छ ।



CamScanner